# राष्ट्रिय सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७४

आयोगबाट स्वीकृत मिति : २०७४।१०।१५

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ मा संशोधन** : राष्ट्रिय सभा सदस्य निर्वाचिन नियमावली (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ञ) मा रहेका "पहिलो प्राथमिकता प्राप्त गरेको मतको" भन्ने शब्दहरुको सट्टा "पहिलो प्राथमिकता प्राप्त गरेको मतपत्रको" भन्ने शब्दहरु र "सङ्क्रमण मत मूल्यलाई" भन्ने शब्दहरुको सट्टा "सङ्क्रमण मूल्यलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ठ) मा रहेका "सङ्क्रमण मत मूल्य" भन्ने शब्दहरुको सट्टा "सङ्क्रमण मूल्य" भन्ने शब्दहरु र "उम्मेदवारले प्राप्त गरेको मत" भन्ने शब्दहरुको सट्टा "उम्मेदवारले प्राप्त गरेको मतपत्रमा" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) मा रहेको "मूल्य" भन्ने शब्द झिकिएको छ ।

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) खण्ड (क) बमोजिम कुल सदर मत कायम गरेपछि सोको आधारमा देहाय बमोजिमको सुत्र प्रयोग गरी कोटा निर्धारण गर्ने, यसरी कोटा निर्धारण गर्दा दशमलव पछाडि आएको अङ्कलाई नलिई दशमलव अगाडिको अङ्कलाई मात्र लिने :-

$$\text{कोटा} = \left\lfloor \frac{\text{कुल सदर मत}}{(\text{निर्वाचित गर्नु पर्ने सङ्ख्या} + १)} + १ \right\rfloor$$"

(ग) खण्ड (घ) मा रहेका "निजले प्राप्त गरेको मत" भन्ने शब्दहरु पछि "मतपत्रमा अङ्कित" भन्ने शब्दहरु थपिएका छन् ।

(घ) खण्ड (ङ) मा रहेका “निज भन्दा लगतै पछिको प्राथमिकताको” भन्ने शब्दहरुको सट्टा “मतपत्रमा अङ्कित दोस्रो प्राथमिकताको” भन्ने शब्दहरु राखिएका छन् ।

(ङ) खण्ड (छ) मा रहेका “सङ्क्रमण मत मूल्य” भन्ने शब्दहरुको सट्टा “सङ्क्रमण मूल्य” भन्ने शब्दहरु राखिएका छन् ।

(च) खण्ड (ज) मा रहेका “कूल मत मूल्य” भन्ने शब्दहरुको सट्टा “कूल मत” भन्ने शब्दहरु राखिएका छन् ।

(छ) खण्ड (झ) मा रहेका “मत मूल्य” भन्ने शब्दहरुको सट्टा “मत” भन्ने शब्द राखिएको छ ।

(ज) खण्ड (ञ) मा रहेका “त्यस्ता बढी मतको सङ्क्रमण मत मूल्य” भन्ने शब्दहरुको सट्टा “निजले प्राप्त गरेको मतपत्रको सङ्क्रमण मूल्य” भन्ने शब्दहरु र “कूल मत मूल्य” भन्ने शब्दहरुको सट्टा “कूल मत” भन्ने शब्दहरु राखिएका छन् ।

(झ) खण्ड (ट) मा रहेको “निर्वाचित” भन्ने शब्द पछि “भएको” भन्ने शब्द थपिएको छ ।

(२) उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको “कुनै” भन्ने शब्द पछि “एकजना” भन्ने शब्द थपिएको छ ।

(३) उपनियम (७) मा रहेको “कुनै” भन्ने शब्दको सट्टा “एकजना” भन्ने शब्द राखी सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

“तर मतगणनाको कुनै चरणमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गर्नुपर्ने अवस्थामा सो चरण सम्ममा मत प्राप्त नगरेका उम्मेदवार भएमा मत प्राप्त नगर्ने सबै उम्मेदवारलाई एकैपटक मतगणना प्रकृयाबाट बाहेक गर्नु पर्नेछ ।”

४. **मूल नियमावलीको ४८ मा संशोधन** : मूल नियमावलीको नियम ४८ को ठाउँ ठाउँमा रहेका “मत मूल्य” भन्ने शब्दहरुको सट्टा “मत” भन्ने शब्द राखिएको छ ।